प्रेमले पेन्सिलबक्स दिन बिर्सै

कथा -:- ००६ भाग:- १ एउटा गरीब तर खुशी परिवार

नेपालको कुनै एउटा टाढा गाउँमा एउटा परिवार बस्दथे । त्यो परिवारमा हजुरआमा, हजुरबुवा, आमा, बुवा र दुईजना केटाकेटिहरु थिए । ति दुईजना केटाकेटिहरु प्रेम र सुमी थिए । ठुलो प्रेम १२ वर्षको सुमी ८ वर्षकी थिईन । तिनिहरु गरीब परिवारका भएकाले दुबै आमा-बुवाले खान र बच्चाहरुको विद्धालयको शुल्क तिर्न काम गर्नु परेको थियो । आमा एउटा टेलरमा (सुचिकार- कपडा सिलाउने) काम गर्थिन र बुवा चाहीं एउटा बिस्कुट कारखानामा काम गर्थे । ति दुबैजनाको कमाईलेपनी परिवारलाई खान प्रशस्त पुग्दैनथ्यो । त्यसकारण आमाले एउटा नजिकैको घरमा कामदारको रुपमा काम गर्नुपरेको थियो । ति आमा एउटा धार्मिक (भगवानको भक्त) परिवारको भएकोले बिहान सबैरै भगवानलाई पूजागर्ने, आफुभन्दा ठुलालाई नमस्कार तथा आदरगर्ने, केटाकेटिहरुको हेरचाह गर्ने, सबैलाई खाना बनाउने, केटाकेटिहरुलाई विद्धालय लैजाने सबै कामहरु गर्थिन । विद्धालय घरबाट धेरै टाढा थिएन, त्यसैले हजुरबुवा-हजुरआमाले ति नाती र नातिनिहरुलाई हामी विद्धालय पुऱ्याउछौं भन्नुभयो । सबै परिवारहरु खुशीसाथ बसेका थिए । ति केटाकेटिहरुले ध्यानगर्न, भजन र केही मन्त्रहरु हजुरबुवा-हजुरआमा र आमाबाट सिकेका थिए । बिहान सबेरै उठेर भगवानलाई प्रार्थना गर्थे, खाना खानुभन्दा अगाडिपनी भगवानलाई प्रार्थना गर्थे र भगवानलाई हामीलाई जे दिनुभएको छ त्यसकोलागी धन्यवाद छ हजुरलाई भन्दथे ।

विद्धालय जानुभन्दा पहिलापनी भगवानलाई प्रार्थना गरेरमात्र विद्धालय जान्थे । शुरुमा विद्धालयमा उनिहरुको पढाई राम्रो थिएन, उनिहरुले प्रार्थना गर्ने, हजुरबुवा-हजुरआमा तथा आमा-बुवालाई सम्मानगर्ने (भनेको मान्ने), अनुशासनमा बस्ने, मेहनत गर्ने आदि गर्न थालेपछी उनिहरु विद्धालयमा पनि राम्रो हुँदै गए, त्यस्तै अरु धेरै राम्रा काम्हरु प्रेम र सुमिले गर्दै गए।

कथा -:- ००६ भाग:- २ केही चिज प्रयोग गरेपछी कृपया फिर्ता दिनुहोला

विद्धालयमा प्रेमका धेरै साथीहरु थिए ति मध्ये एउटा साथी धनी परिवारका थिए । उनको नाम अरुण थियो । धनी परिवारको भएकोले आफुले चाहेको सबैकुराहरु पाउँथे । तर उनी सहयोगी थिए र यदी साथीहरुलाई शैक्षीक सामाग्रीहरु चाहिएमा सहायतापनी गर्दथे । एकदिन प्रेमले विद्धालयमा पेन्सिल लैजान बिर्से । अरुणले बिद्धालयको झोलामा आफुसँग भएको एउटा पेन्सिल प्रेमलाई दिए । **उनले प्रेमलाई भने:-**" यो प्रयोग गरिसकेपछी मलाई फिर्ता देउ है, किनकी अरु कसैलाई चाहिएमा फेरी म दिन सक्छु ।" **प्रेमले भने:-**" निश्चय पनि म तिमीलाई फिर्ता गर्नेछु ।" प्रेमले त्यो पेन्सिल प्रयोग गरे र नजानिकन बिर्सैर उनले आफ्नो झोलामा राखे । उनले फिर्तागर्न बिर्से । विद्धालय बिदा भएपछी उनी आफ्नो बहिनीसंग घर फर्के । आमाले उनिहरुकोलागी घरमा खाजा बनाएर राख्नुभएको थियो । उनिहरुले खाजा खाए अनी खेल्न गए । खेलेर घर फर्केपछी उनिहरु आफ्नो गृहकार्यगर्न थाले । उनले (प्रेमले) आफ्नो झोलाबाट सबै शैक्षिक सामाग्रीहरु निकाले । त्यसपछी उनले आफ्नो साथी अरुणले दिएको पेन्सिल देखे । उनले पश्चाताप महशुस गरे र आमालाई भने, यो मैले साथीसंग लिएको थिएं तर फिर्तागर्न बिर्से । **प्रेमको आमाले भन्नुभयो:-**"यदी तिमीले जानिबुझेर (जानिजानिकन) ल्याएको हैनभने चिन्ता नगर, तिमीले भोली फिर्ता गार्दिनु नि।" **प्रेमले भने:-**" आमा म उसको घर गएर फिर्ता दिनुपर्छ किनकी उनले मलाई भनेका थिए, प्रयोग गरेपछी मलाई फिर्ता गर म अरु कसैलाई चाहिएमा फेरी दिन सक्छु ।" **त्यसपछी आमाले भन्नुभयो:-**" अब अंध्यारो हुनलागेको छ, तिमी अहिले एक्लै जान सक्दैनौ, म भोली तिमीसँगै विद्धालय जान्छु अनी तिम्रो साथी अरुणलाई म भन्नेछु ।" **त्यसपछी प्रेमले आमालाई भने:-**" आज मैले पेन्सिलबक्स लैजान बिर्सेछु, भोलिदेखी सधैं विद्धालय जानुभन्दा पहिले आफ्नो झोलामा राखेको छ कि छैन भनेर हेरेर मात्र जान्छु अनी म बैनिलाईपनी यसैगर्न सिकाउँछु " **त्यसपछी आमाले भन्नुभयो:-**" राम्रो, बल्ल अब तिमीले विद्धालय जानुभन्दा अगाडि तिमीले गर्नुपर्ने कर्तव्य के हो भन्ने कुरा बुझ्यौ ।"

कथा -:- ००६ भाग ३ अरुण विद्धालय आउन सकेनन

प्रेम विद्धालय आईपुगे सिधै अरुणको पेन्सिल फिर्तागर्न उनलाई खोज्न गए । तर अरुणले विद्धालय छोडिसकेकाथिए, किनकी उनकी आमा डाक्टर थिईन र अस्पताल त्याहाँ बाट टाढा थियो र आमालाई विरामिहरुको सेवागर्न तुरुन्तै जानुपरेको थियो । प्रेम दु:खी भए र पेन्सिल फिर्ता गर्न नपाएकोमा आफुलाई दोषी ठाने । उनले आफ्नो अध्ययन त्यस विद्धालयबाट सकेपछी विश्वविद्धालयमा जान थाले । विश्वविद्धालयको अध्ययन सकेपछी प्रेम एक कम्पनिमा नोकरीगर्न थाले । एकदिन उनले अरुणलाई १५ वर्षपछी त्यही कम्पनिमा भेटे । अरुणपनी त्यही कम्पनिमा काम गर्दारहेछन । प्रेमले आफुले पेन्सिल फिर्ता गर्नुपर्छ भनेर सम्झिए जुन उनले सुरक्षितसाथ राखेका थिए । अर्कोदिन प्रेमले अरुणको पेन्सिल फिर्ता गरे । अरुण छक्क परे, उनले विद्धालयमा हुँदा पेन्सिल दिएकोथियो भन्नेपनी बिर्सिसकेकाथिए । अरुणलेपनी आफुले आरुसँग लिएका कुराहरु सम्झे र फिर्ता दिन सकेका थिएनन । त्यसपछी उनले आफ्ना साथी र अरु व्यक्तिहरुसँग लिएका सामानहरु सबै फिर्ता गरे । आफुले सामान फिर्तागर्न पाउँदा धेरै खुशी भए । त्यसपछी अरु कुनै बेलापनी कसैसँग सामान लिएको छ भने पनि फिर्तागर्न कहिल्यै बिर्सेनन ।